दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना
आयोजना व्यवस्थापन कार्यालयको प्रकाशन

# परिवर्तन

ADB

## खानेपानी तथा सरसफाइ संगालो

चैत्र २०७१ अंक ७ April 2015, Vol-7

**नेपालमा एशियाली विकास बैंकको अनुदान सहयोगमा संचालित दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना**






### यस अंकमा

- आयोजनाको भौतिक तथा वित्तीय प्रगति
- विविध गतिविधि, कार्यक्रम
- कार्यक्रम, तालिम र गोष्ठीहरू

### शुभकामना



नेपाल सरकारको सबै नेपालीहरुलाई वि.सं. २०७५ को मध्य सम्ममा मानवीय आधारभूत आवश्यकता भित्र पर्ने गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने उद्धेश्य रहेको छ । नेपाल सरकारको लक्ष्य अनुरुप २०६७ सालमा पन्ध्र वर्षीय विकास योजना तयार गरी साना सहर तथा नगरोन्मुख क्षेत्रहरुलाई सूचीकृत गरी चरणबद्ध रुपमा खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्दै जाने कार्यक्रम रहेको छ । यसै अनुरुप एशियाली विकास बैंकको अनुदान सहयोग तथा नेपाल सरकार र उपभोक्ताहरुको सहलगानीमा दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना २१ वटा नगरहरुमा सम्पन्न हुने अवस्थामा छ भने तेश्रो चरणको आयोजना अन्तर्गत २६ वटा साना सहरहरुमा नगर आयोजनाहरु छनौट भैसकेका छन् । उपभोक्ताहरुको सक्रिय सहभागिता र उनीहरुको अग्रसरतामा सञ्चालन भइरहेको विभिन्न आयोजनाहरुको गतिविधिहरु, प्रगती, कार्यक्रमको प्रभावकारीता लगायत विभिन्न गतिविधिहरु समावेश गरी विगत एक दशकदेखि नियमित रुपमा प्रकाशित हुँदै आएको **"परिवर्तन"** खानेपानी तथा सरसफाइ संगालोले सरोकारवाला सबै पक्ष र दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना प्रति जिज्ञासा राख्ने जो कोहीलाई पनि यसको कार्य प्रगतीको बारेमा जानकारी गराउन महत्वपूर्ण भूमिका खेल्नेमा कुनै सन्देह छैन ।

साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत आयोजना व्यवस्थापन कार्यालयद्वारा प्रकाशित हुँदै आएको ज्ञानवर्द्धक एवम् सूचनामूलक प्रकाशन **"परिवर्तन"** नामक खानेपानी तथा सरसफाइ संगालोको सातौं अंक प्रकाशित गर्न लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ । यस अवसरमा खानेपानी तथा सरसफाइ संगालोको निरन्तरता तथा सफलताको शुभकामना व्यक्त गर्दछु ।

(रामदीप साह)
महानिर्देशक
खानेपानी तथा ढल निकास विभाग

### प्रतिबद्धता



नेपाल सरकारको साना तथा नगरोउन्मुख सहरहरुमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा आधारभूत सरसफाइको सुविधा पुऱ्याउने उद्धेश्य रहेको छ । यसैलाई आत्मसात गर्दै पन्ध्र वर्षीय विकास योजनाअनुसार २६५ वटा सहर तथा नगरोन्मुख क्षेत्रहरु सूचीकृत गरी चरणबद्धरुपले आगामी दिनमा खानेपानी तथा सरसफाई सुविधा विस्तार गर्दै लैजाने नेपाल सरकारको लक्ष्य रहेको छ । सोहीअनुसार पहिलो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट २९ वटा नगर आयोजनाहरु सम्पन्नभै सञ्चालन भैसकेको जानकारी गराउन चाहन्छु । त्यसैलाई निरन्तता दिदैं नेपाल सरकारले एशियाली विकास बैंकको आर्थिक अनुदान सहयोगमा २१ वटा नगरोउन्मुख सहरहरुमा दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ताहरुको सहलगानीमा निमार्ण सम्पन्न हुने क्रममा छन् भने यसको थप निरन्तरता स्वरुप एशियाली विकास बैंककै ऋण सहयोगमा तेस्रो चरण अन्तर्गत २६ वटा नगर आयोजनाहरु छनौट भई केही कार्यान्वयन चरणमा समेत पुगिसकेका छन् । यस आयोजनाले अङ्गीकार गरेको मुख्य नीतिहरु सहलगानी, लागत असुली, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, प्रतिफलमा आधारित अनुदान, पारदर्शिता र उत्तरदायित्व रहेको छ। यसको साथै तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अझ परिमार्जितरुपमा कार्यान्वयन हुन गैरहेको व्यहोरा पनि सहर्ष जानकारी गराउन चाहन्छु ।

यस आयोजनाको **मुख्य** उद्देश्य भनेको विपन्न तथा जोखिममा परेका जनसमुदायका साथै सीमान्तकृत वर्गलाई समेत समेटी व्यवस्थित रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सुविधा उपलब्ध गराइ उनीहरुको जीवनमा सुधार ल्याउन र जनचेतना अभिवृद्धि गर्न सकियोस् भन्ने हो । देशका विभिन्न क्षेत्रहरुमा सञ्चालनमा रहेका, निर्माणाधिन र निर्माण हुने क्रममा रहेका यस्ता आयोजनाहरुका बारेमा सत्य तथ्यकुराहरुको जानकारी गराउने प्रभावकारी माध्यमका रुपमा यस '**परिवर्तन**' सङ्गालोलाई लिएका छौं । दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना व्यवस्थापन कार्यालयको नियमित प्रकाशन खानेपानी तथा सरसफाइ सङ्गालो '**परिवर्तन**' को सातौं अंकले धेरथोर यहाँहरुको जिज्ञासालाई मेटाउन सफल हुनेछ भन्ने अपेक्षा गरेको छु । आगामी दिनहरुमा पनि यो सङ्गालोलाई अझ स्तरीय ज्ञानवर्द्धक, सूचना तथा जानकारीमूलक बनाउने प्रतिवद्धता जाहेर गर्दै यसका लागि आ-आफ्नो क्षेत्रबाट राय सल्लाह सुझाव र प्रतिक्रिया उपलब्ध गराइ हामीलाई अभिप्रेरित गरिदिनु हुन आम पाठक वर्गहरुसँग विनम्र अनुरोध गर्दछु ।

(तिरेशप्रसाद खत्री)
का.मु. आयोजना निर्देशक

## परिचयः

नेपालमा पनि विकासको गतिशीलताको साथै सहरीकरणको गति तीव्ररुपमा बढदै गइरहेकोले औद्योगिक तथा व्यापारिक केन्द्रहरुको विस्तार हुदै गएको छ। जसले गर्दा जिल्लाका सदरमुकाम, राजमार्ग तथा सहायक मार्गहरु साना साना सहरहरु तथा नगरोन्मुख क्षेत्रहरुमा परिवर्तित हुदै गएको छ। तीव्ररुपमा बढदै गएको औद्योगिक तथा व्यापारिक क्रियाकलापहरूले गर्दा जनसख्या तथा बसाई सराईको प्रकिया पनि बढ्दो गतिमा छ। मौजुदा उपलब्ध खानेपानी र सरसफाइको सुविधा तथा गुणस्तर अपेक्षाकृतरुपमा अपर्याप्त हुँदै आइरहेको छ। यसरी तिव्र गतिमा जनसंख्या वृद्धि भइरहेको साना सहरहरुमा खानेपानी र सरसफाइको सुविधा तथा गुणस्तरमा वृद्धि गर्न नसकेमा विभिन्न सामाजिक समस्याहरु उत्पन्न हुन सक्छन्। यसैलाई दृष्टिगत गरी नेपाल सरकारले चौथो योजना देखि खानेपानी व्यवस्थापन सम्बन्धी योजनाबद्ध विकासको कार्य अगाडी बढाइ विभिन्न योजनाहरु कार्यान्वयन गर्दै सन् २०१७ सम्ममा सबैलाई आधारभूत स्तरको खानेपानी र सरसफाइ सुविधा पुयाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेको छ। त्यसै गरी सहरी खानेपानी तथा सरसफाइ नीति २०६६ ले २०१७ सम्ममा शहरी जनसख्याको करीब एक तिहाइ जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा पुऱ्याउने प्रतिद्धता पनि जाहेर गरेको छ।

यस कारण यस तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले सहरी खानेपानी तथा सरसफाइ नीति २०६६ मा उल्लेख भए अनुसार २०६७ मा १५ बर्षिय विकास योजनालाई अध्यावधिक गरी विभिन्न २६५ वटा साना सहरहरू/नगर क्षेत्रहरूको पहिचान गरेको छ। यसरी पहिचान गरेको सहरहरुमा साना सहरी खानेपानी तथा सरसफाइ आयोजना चरणबद्धरुपले संचालन गर्दै स्वच्छ, गुणस्तरीय र सहज खानेपानी तथा सरसफाइ सेवा सुविधा विस्तार गर्दै जाने लक्ष्य राखेको छ।

**प्रथम साना शहरी खानेपानी तथा सरसफाइ आयोजना :** नेपाल सरकारले एकिकृतरुपमा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउने उद्देश्यले एशियाली विकास बैंकको ऋण सहयोगमा प्रथम चरण अन्तर्गत (२०५७/०५८-२०६४/०६५) २९ वटा साना सहरहरूमा साना सहरी खानेपानी तथा सरसफाइ आयोजना संचालन भई करीव ५ लाख ५० हजार जनता उच्च तथा मध्यस्तरको खानेपानी तथा सरसफाइ सेवाबाट लाभान्वित भैसकेका छन्।




**दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना:** २०६६/०६७ देखि २०७२/०७३ सम्म २१ ओटा साना सहरहरुमा एशियाली विकास बैंकको अनुदान सहयोगमा सम्पन्न हुने क्रममा छ। यी आयोजनाहरु सम्पन्न भए पश्चात् देशभरका करिब ३ लाख ५२ हजार ५ सय ५० जनसंख्यालाई उच्चस्तरीय/मध्यमस्तरीय खानेपानी तथा आधारभुत सरसफाइको सुविधा उपलव्ध हुनेछ भने करिब ८ हजार गरीव तथा विपन्न घरधुरीमा प्रतिफलमा आधारित अनुदानबाट चर्पी तथा धारा निर्माण हुनेछन्। त्यसै गरी ५ ओटा नगरमा सैप्टी टैंकबाट निस्केको फोहर पानी व्यवस्थापन र २१ ओटा नगरमा फोहर व्यवस्थापन सम्बन्धी कार्यक्रम लागु गर्ने प्रावधान रहेको छ।

### २१ वटा आयोजनाहरुबाट



## आयोजनाको आ.व. २०७०/७१ मा संचालित नगर आयोजनाहरूको भौतिक तथा वित्तिय प्रगति:

| क.सं. | नगर आयोजना | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|
| १ | इन्द्रपुर | ९९.३४% | ९२.०७% |
| २ | दमक | ९२.०२% | ७७.२४% |
| ३ | करैया मक्रहर | ९९.००% | ८१.५३% |
| ४ | बाग्लुङ्ग | ९३.००% | ८८.७०% |
| ५ | लमही | ९८.५०% | ९२.००% |
| ६ | सन्धीखर्क | ९०.००% | ८०.९२% |
| ७ | शिवनगर | ९६.४८% | ८३.१८% |
| ८ | दुहवी | ६५.६९% | ३०.५४% |
| ९ | फिदिम | ६७.६७% | ४४.१५% |
| १० | नारायणनगर | ५९.११% | ३६.३२% |
| ११ | बैतडी | ४५.४५% | ४३.९०% |
| १२ | भासी | ८९.२६% | ६२.४३% |
| १३ | व्यासनगर | ७१.५८% | ५४.३९% |
| १४ | रामपुर | ६३.९५% | ५५% |
| १५ | मेघौली | ९०.००% | ५९.६७% |
| १६ | काकडभिट्टा | ९९.७०% | ९९.००% |
| १७ | मुकुन्दपुर | ९९.५०% | ८५.८५% |
| १८ | दरख/सुखड | ९१.०१% | ६४.३३% |
| १९ | धनकुटा | ७९.४४% | ६४.००% |
| २० | खाँदबारी | ८९.५५% | ७४.५१% |
| २१ | लेटाङ्ग | ८८.९०% | ८०.१७% |


नयाँ वर्ष २०७२ सालको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा शान्ति, समृद्धि, सुस्वास्थ्य र दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दोस्रो/तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना
आयोजना ब्यवस्थापन कार्यालय
पानीपोखरी, महाराजगञ्ज, काठमाडौं


## १. दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना सम्बन्धी तालिमहरू :

### परिचयात्मक गोष्ठी

- आ.व्य.का. कर्मचारी तथा सामाजिक परिचालिकाहरुलाई
- प्रथम समूहका खा.पा.उ.स. का पदाधिकारीहरु तथा स्थानीय निकाय
- प्रथम गै.स.स. तथा डि. प्रमुख, स.डि.प्र.
- दोस्रो समूह खा.पा.उ. स. का पदाधिकारीहरु, क्षेत्रीय प्रमुख, डि.प्र.
- तेस्रो स.खा.पा. आयोजनाका अध्यक्ष र सामाजिक परिचालिकालाई अभिमुखीकरण कार्यक्रम
- क्षमता अभिबृद्धि तथा व्यवसायिक योजना सम्बन्धी तालिम

### ठोस फोहर व्यवस्थापन तालिम

प्रथम समूहको गै.स.स. तथा खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुका लागि फोहोर व्यवस्थापन तथा संस्थागत क्षमता विश्लेषण सम्बन्धी गोष्ठी

### ठेक्का तथा आर्थिक व्यवस्थापन तालिम

ठेक्का व्यवस्थापन तथा प्रशासन सम्बन्धी PISU का ईन्जिनियर तथा सल्लाहकार, दोस्रो समूहका डिभिजन प्रमुख, सबडिभिजन प्रमुख, डिजाइन सुपरिवेक्षण परामर्शदाताहरु

### लेखा व्यवस्थापन तालिम

नगर आयोजना प्रमुख, डि. इन्जिनियर परामर्शदाता खानेपानी तथा सरसफाई डिभिजन कार्यालय (प्रमुख, सुपरिवेक्षण डिजाइन कन्सल्टेन्ट) प्रथम खा.पा.उ.स.सा. का लेखा अधिकृत (इटहरी, नेपालगन्ज)

### प्रतिफलमा आधारित अनुदान (OBA) सम्बन्धी अभिमुखी कार्यक्रम

प्रतिफलमा आधारित अनुदान सम्बन्धी छलफल कार्यक्रम (खा.पा.ढ.नि.वि., UN HABITAT, UNICEF, ADB संस्थाहरु), प्रथम समूहका आयोजनाहरु, दोस्रो समूहका आयोजनाहरु

### अनुभव आदानप्रदान तथा भावी योजना सम्बन्धी गोष्ठी

पहिलो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना सम्बन्धी अनुभव आदान प्रदान तथा भावी योजनाबारे छलफल (२९ वटै आयोजनाहरु)

### क्षमता अभिबृद्धि तथा व्यवसायिक योजना सम्बन्धी तालिम

क्षमता अभिबृद्धि तथा व्यवसायिक योजना सम्बन्धी तालिम पुनरावलोकन (सुरुङ्गा, इटहरी, त्रियुगा, बुधबारे, फिक्कल)

### महिला नेतृत्व विकास तालिम

खानेपानी उपभोक्ता समितिका महिला पदाधिकारीहरु

### आयोजना कार्यान्वयन तथा सञ्चालन सम्बन्धी तालिम सरोकारबालाहरुलाई

प्रथम तथा दोस्रो समूहका डिभिजन प्रमुख, सब डिभिजन प्रमुख तथा खा.पा.उ.स.स. अध्यक्षहरु

### पानी परीक्षण तालिम

इन्जिनियर, सब इन्जिनियर, केमिष्ट (इटहरी, चितवन, पोखरा, नेपालगन्ज तथा धनगढी)

### संस्थागत व्यवस्थापन तालिम तथा व्यवसायिक योजना तर्जुमा कार्यक्रम

फिक्कल, बुधबारे, सुरुङ्गा, इटहरी, त्रियुगा खा.पा.उ.स. का पदाधिकारी तथा कर्मचारीहरु

## २. प्रतिफलमा आधारित अनुदान सहयोगमा छनौट भएका घरधुरी तथा धारा, चर्पीको संक्षिप्त विवरण:

| क.सं. | नगर आयोजना | कुल घरधुरी | छनौट भएका घरधुरी | धारा जडान भइसकेका | चर्पी (निजी) निर्माण सम्पन्न भएका घरधुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इन्द्रपुर, मोरङ्ग | ४३९१ | ६६७ | – | – | छनोट भएको |
| २ | दमक, झापा | ७६४१ | ५६८ | – | – | अन्तिम छनोट |
| ३. | फिदिम, पाँचथर | १६३९ | १३७ | - | ६५ | छनोट गरी सेवासुविधा प्रदान जारी |
| ४ | लमही, दाङ्ग | २६३९ | ३४७ | ३४० | ३४० | छनोट गरी सेवासुविधा प्रदान जारी |
| ५ | सन्धीखर्क, अर्घाखाँची | १५७८ | ४९ | ० | ४४ | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| ६ | करैया मक्रहर, रुपन्देही | १७६७ | – | – | – | उपभोक्ता समिति इच्छुक नभएको |
| ७ | बाग्लुङ्ग, बाग्लुङ्ग | २५४८ | १७ | – | १४ | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| ८ | आदर्शनगर (भासी), कन्चनपुर | १४३२ | १०३ | ३७ | ३९ | छनोट गरी सेवा प्रदान जारी |
| ९ | शिवनगर, कैलाली | २४५३ | ३०६ | २५६ | १२८ | छनोट गरी सेवा प्रदान जारी |
| १० | मुकन्दपुर, नवलपरासी | २८८७ | ३१६ | २७४ | ३० | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| ११ | मेघौली, चितवन | १७६५ | २१६ | १५५ | ७७ | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| १२ | काँकडभिट्टा, झापा | ६८१७ | १००५ | – | ५०४ | छनोट गरी सेवा प्रदान जारी |
| १३ | दुहबी, सुनसरी | ३७७१ | ७४३ | – | ८० | छनोट गरी सेवा प्रदान जारी |
| १४ | लेटाङ्ग, मोरङ्ग | ४१४२ | ४३४ | – | २०० | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| १५ | दरख– सुखड, कैलाली | २५४२ | ५०६ | – | ३०० | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| १६ | नारायण नगर दैलेख | २५०८ | ८६७ | १५० | ७१९ | छनोट गरी सेवा प्रदान जारी |
| १७ | ब्यास, तनहुँ | २७९१ | २५४ | – | १९ | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| १८ | रामपुर, पाल्पा | ३१२० | ४०९ | – | १४५ | छनोट गरी सेवा प्रदान जारी |
| १९ | धनकुटा, धनकुटा | २८९६ | २१० | – | – | छनोट अन्तिम चरणमा |
| २० | खादबाँरी, संखुवासभा | ६८१७ | १८० | – | – | छनोट गरी सेवा सुविधा प्रदान जारी |
| २१ | बैतडी, बैतडी | ९१८ | ६८ | – | – | छनोट कार्य जारी |
| | **जम्मा** | ६७०६२ | ७४०२ | १२१२ | २७०४ | |

## ३.प्रतिफलमा आधारित अनुदान (OBA) सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा गोष्ठीको विवरण:

| क.सं. | नगर आयोजना | समुह | दिन | सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | जम्मा |
| १ | सन्धीखर्क, अर्घाखाँची | प्रथम समुह | २ | २३ | १४ | ३४ |
| २ | शिवनगर, कैलाली | प्रथम समुह | २ | १९ | ७ | २६ |
| ३ | इन्द्रपुर, मोरङ्ग | प्रथम समुह | २ | ३२ | ७ | ३९ |
| ४ | दमक, झापा | प्रथम समुह | २ | १८ | ६ | २४ |
| ५ | फिदीम, पाँचथर | प्रथम समुह | २ | २३ | ६ | २९ |
| ६ | बाग्लुङ्ग, बाग्लुङ्ग | प्रथम समुह | २ | १८ | १६ | ३४ |
| ७ | करैया मक्रहर, रुपन्देही | प्रथम समुह | २ | २८ | ६ | ३४ |
| ८ | लमही, दाङ्ग | प्रथम समुह | २ | १८ | ९ | २७ |
| ९ | आर्दशनगर भासी, कन्चनपुर | प्रथम समुह | २ | १८ | १२ | ३० |
| १० | मुकन्दपुर, नवलपरासी | दोस्रो समुह | २ | २९ | ८ | ३७ |
| ११ | मेघौली, चितवन | दोस्रो समुह | २ | ३० | ७ | ३७ |
| १२ | काँकडभिट्टा, झापा | दोस्रो समुह | २ | २७ | ६ | ३३ |
| १३ | दुहबी, सुनसरी | प्रथम समुह | २ | २० | ६ | २६ |
| १४ | लेटाङ्ग, मोरङ्ग | दोस्रो समुह | २ | २४ | ९ | ३३ |
| १५ | दरख-सुखड, कैलाली | दोस्रो समुह | २ | २९ | ८ | ३७ |
| १६ | नारायण नगर, दैलेख | प्रथम समुह | २ | ३३ | ४ | ३७ |
| १७ | व्यास, तनहुँ | दोस्रो समुह | २ | २२ | १३ | ३५ |
| १८ | रामपुर, पाल्पा | दोस्रो समुह | २ | ३० | ५ | ३५ |
| १९ | धनकुटा, धनकुटा | दोस्रो समुह | २ | १८ | ११ | २९ |
| २० | खाँदबारी, संखुवासभा | दोस्रो समुह | २ | ३० | ४ | ३४ |
| २१ | बैतडी, बैतडी | प्रथम समुह | २ | २८ | ५ | ३३ |
| | **जम्मा** | | | ५१७ | १६९ | ६८६ |



स्वच्छ गाउँ सफा सहर, स्वस्थ राष्ट्र हाम्रो रहर

पानी जीवन हो, सरसफाइ संस्कार

स्वास्थ्य, प्रतिष्ठा र विकासका लागि सरसफाइ

पानीका मुहान संरक्षण गरौ, सफा राखौं

पानी जीवन हो, यसको सदुपयोग गरौं

पानी शुद्धिकरणका घरायसी विधिहरू अपनाई पानी पिउने गरौं

पानी र सरसफाइ सभ्यताको जननी हो

पानी अमूल्य धन हो, यसको सही सदुपयोग गरौं

## ४. आयोजना सम्बन्धी कार्यक्रम तथा गतिविधीहरू :

### १. बि.डि.ए. प्लस जेभी काकडभिट्टा नगर आयोजना निर्धारित समयमा सम्पन्न गरेकोमा पुरस्कृतः

काकड़भिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था मेची नगर १० को सुधार विस्तार कार्यक्रम अन्तर्गत दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना (Contract Number STWSSSP/ICB—11/Kakadvitta) को डिजाइन, सुपरीवेक्षण कार्यकालागी BDA छनौट भएको थियो। परामर्शदाता श्री बि.डि.ए प्लस जेभी काठमाडौंले निर्धारित समयमा आयोजना सम्पन्न गरेकोमा पुरस्कृत भएको छ । काकडभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था मेची नगरको २०७१/६/२५ मा भएको १९औं बार्षिक साधारण सभाको समारोहमा पाल्नु भएका प्रमुख अतिथि सहरी विकास मंत्रालयका माननिय मन्त्री डा. नारायण खडकाज्यूबाट BDA ले प्रंशसा प्रत्र प्राप्त गरेको थियो ।



आयोजना निर्धारित समयमा सम्पन्न भएकोमा बि.डि.ए.प्लस जेभी पुरस्कृत

### २. काकडभिट्टा खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटनः

दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत दोस्रो चरणको काकडभिट्टा नगर आयोजनाको २०७१/६/२५ मा शहरी विकास मन्त्रालयका माननिय मन्त्री डा. नारायण खड्काज्यूबाट उद्घाटन भएको थियो। उक्त नगर आयोजनाले मेची नगर नगरपालिका वार्ड नं ७ देखि १३ को क्षेत्रलाइ ओगटेको छ। उक्त आयोजनाबाट ६८१७ घरधुरीका करीब ४७६२४ जनसंख्याले स्वच्छ तथा गुणस्तरयुक्त खानेपानीको सुविधा प्राप्त गरेका छन्। यस आयोजना अन्तर्गत निर्माण भएका भौतिक संरचनाहरुमा रिजर्भायर ट्याङ्की ५ वटा, डीप ट्यूवेल १० वटा, पानी प्रशोधन केन्द्र ४ वटा तथा विभिन्न ४ वटा स्कीमहरु निर्माण भएका छन्।

उक्त अवसरमा खानेपानी तथा ढल निकास विभागका महानिर्देशक श्री रामदीप साहज्यूको पनि उपस्थिती रहेको थियो। साथै आयोजना संग सम्बन्धित सबै सरोकारवालाहरु तथा उपभोक्ता समितिका तर्फबाट अध्यक्ष गोपाल तामाङ्गको पनि उपस्थिति रहेको थियो। उक्त कार्यक्रम सञ्चालन गर्ने क्रममा स्थानीय गैर सरकारी संस्था सहारा नेपाल, डिजाइन सुपरिवेक्षण परामर्शदाता वी.डि.ए, निमार्ण व्यवसायी Hangzhou-Kankai JV को संलग्नता पनि रहेको थियो ।



काँकडभिट्टा आयोजनाको शहरी विकास मन्त्रालयका माननिय मन्त्री डा. नारायण खड्काज्यूबाट उद्घाटन

### ३. अभिमुखीकरण कार्यक्रम संचालनः

तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत प्रथम तथा दोस्रो समुह गरी छनोट भएका २६ वटा आयोजनाका लागी सामाजिक परिचालिकाहरुलाई आयोजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम २०७१/७/२ देखि ४ सम्म राष्ट्रिय खानेपानी तथ सरसफाइ प्रशिक्षण केन्द्रमा संचालन भएको थियो। उक्त कार्यक्रमको उद्धेश्य आयोजनाको सफल कार्यावन्यन तथा दिगोपनका लागि आयोजनाको परिचय, उद्धेश्य, कार्यक्षेत्र, कार्यप्रक्रिया तथा सरोकारवालाहरुको भुमिकाहरुको दायित्व आदि बारे जानकारी दिनु रहेको थियो। साथै सामाजिक परिचालिकाहरुको भूमिका तथा उत्तरदायित्वबारे पनि छलफल भएको थियो। उक्त कार्यक्रममा १८ जना सहभागी रहेका थिए।

### ४. डकुमेन्ट्री फिल्म निमार्ण कार्य सम्पन्न

दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको डकुमेन्ट्री फिल्म बनाउने सिलसिलामा अर्घाखाँचीमा प्रतिफलमा आधारित अनुदान सम्बन्धी तथा लेटाङ्ग र काँकडभिट्टामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रमबारे छायाङ्कंन गरी डकुमेन्ट्री फिल्म तयार गर्ने काम सम्पन्न भएको। यसैगरी लेटाङ्ग र काकड़भिट्टा आयोजनाको बारेमा खानेपानी तथा सरसफाइको क्षेत्रमा सार्थक प्रयास भन्ने डकुमेन्ट्री फिल्म पनि तयार भएको छ।

### ५. खानेपानी तथा ढल निकास विभाग को ४२ औं वार्षिक उत्सव सम्पन्न

खानेपानी तथा ढल निकास विभागको ४२ औं वार्षिक उत्सव मंसीर ४ गते सम्पन्न भएको छ। सम्वत् २०२९ सालमा खानेपानी तथा ढल निकासको सुविधा पुऱ्याउने उद्धेश्यले खानेपानी तथा ढल निकास विभागको स्थापना भएको थियो। उक्त दिनको सम्झना गर्दै खानेपानी तथा ढल निकास विभागले ४२औं वर्ष भव्यताका साथ मनाएको छ। उक्त वार्षिक उत्सव कार्यक्रमको उद्घाटन शहरी विकास मन्त्रालयका माननीय मन्त्री डा. नारायण खड्काज्यूबाट भएको थियो। कार्यक्रमका अवसरमा माननीय मन्त्रीज्यूबाट खानेपानी सेवा संचालनसम्बन्धी निर्देशिका २०६९, खानेपानी सेवा संचालन सम्बन्धी कार्यविधी, विभागको स्मारिका, तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको आयोजना कार्यान्वयन निर्देशिका तथा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाअर्न्तगतको प्रतिफलमा आधारित अनुदान सम्बन्धी निर्देशिकाको लोकार्पण पनि गर्नु भएको थियो। उक्त अवसरमा शहरी विकास मन्त्रालयका सह-सचिव सुरेश राज आचार्य, एडिबी

बाट लक्ष्मी शर्मा, खानेपानी राष्ट्रिय महासघंका अध्यक्ष राजेन्द्र अर्याल, UNICEF का प्रतिनिधिहरुबाट खानेपानी तथा ढल निकास विभाग र यसले खानेपानी तथा तथा सरसफाइ क्षेत्रमा खेलेका भूमिकाको बारेमा आ-आफ्नो विचार व्यक्त गरेका थिए । उक्त कार्यक्रममा खानेपानी तथा ढल निकास विभागका पुर्व महानिर्देशकहरुलाई अभिनन्दन तथा सम्मान पत्र प्रदान गरिएको थियो । उक्त अभिनन्दन तथा सम्मान पत्र खानेपानी तथा ढल निकास विभागका महानिर्देशक श्री रामदीप साहज्यूले प्रदान गर्नु भएको थियो ।




**खानेपानी तथा ढल निकास विभाग को ४२ औं वार्षिक उत्सव समारोह**

## ६. Training On Non Revenue Water Training :

खानेपानी तथा ढल निकास विभाग अन्तर्गतको राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र तथा फिलिपिन्सको Maynilad Water Supply Inc. को संयुक्त आयोजना र ADB - Manila को समन्वयमा Non Revenue Water सम्वन्धी तालिम पोखरामा सम्पन्न भएको छ । उक्त तालिममा प्रथम चरणको साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत पर्सा, कावासोती र दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ अन्तर्गतका लमही, काँकडभिट्टा, करैया मकहरका खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुको सहभागिता रहेको थियो । उक्त तालिम २०७१/८/९ देखी २०७१/८/११ सम्म संचालन भएको थियो । उक्त तालिममा Water Balance, NRW basics, NR Physical Loss, Commercial Loss and Analysis, DMA Monitoring Field Analysis सम्वन्धी विषयहरु समावेस भएका थिए ।

## ७. एशियाली बिकास बैंकको निरन्तरता स्वरूप तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना लाई करीब ६ अर्ब सहयोग :

एशियाली विकास बैंकले पहिलो र दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको सफल कार्यान्वयन पश्चात यसको निरन्तरता स्वरुप तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको कार्यान्वयन गर्न नेपाल सरकारलाई पाचँ अर्ब ९० करोड ७४ लाख रुपैया ऋण सहयोग प्रदान गर्ने गरी ऋण तथा अनुदान सहायता सम्बन्धी सम्झौतापत्रमा नेपाल स्थित एडिबीका आवासीय निर्देशक केनिची योकोयामा र अर्थ मन्त्रालयका सचिव सुमन प्रसाद शर्माज्यूले २०७१/८/९ गते मंगलवारका दिन अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा हस्ताक्षर गरेका छन । बैंकले उपलब्ध गराउने उक्त रकम मध्ये पाँच अर्ब ७८ करोड ऋण सहायता र १२ करोड ७४ लाख अनुदान रहेको छ । तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत सन् २०१४ अक्टुवर देखि २०२१ जनवरी सम्म करिव २६ ओटा नगरहरुमा सञ्चालन हुने छन् । तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना खानेपानी तर्फ सम्पूर्ण निर्माण खर्चको ७० प्रतिशत नेपाल सरकारले व्यहोर्ने छ बाँकी ३० प्रतिशत उपभोक्ता समितिले नगर विकास कोषसँग बढीमा २५ प्रतिशतसम्म ऋण लिई व्यहोर्ने छ । यस अघि पहिलो र दोस्रो साना सहरी खानेपानी आयोजनाहरुमा उपभोक्ताहरुले ५० प्रतिशत व्यहोर्नु पर्ने प्रावधान रहेको थियो । तेस्रो साना शहरी अर्न्तगत प्रथम समुह अन्तर्गत छनोटमा परेका नगर आयोजनाहरुमा टीकापुर (कैलाली), खलंगा शीतलपाटी (सल्यान), मुसीकोट (रुकुम), डुम्रे बजार (तनहु), निर्मल पोखरी (कास्की), चन्द्रौटा (कपिलवस्तु), सखुवा, महेन्द्रनगर (धनुषा), विदुर (नुवाकोट), इलाम वजार (इलाम), चारआली (झापा), महेन्द्रनगर/चक्रघट्टी (सुनसरी) र मिर्चैया (सिराहा) छन् भने दोस्रो चरणमा सुडा (कन्चनपुर), विरेन्द्रनर (चितवन) खलङ्गा/अमरगढी (डडेलधुरा), कठरिया (रौतहट), चैनपुर (बझाङ्ग), लालबन्दी (सर्लाही), दिक्तेल (खोटाङ्ग), चरिकोट (दोलखा), तमसरिया (नवलपरासी), कटारी (उदयपुर), वावियाचौर (सुर्खेत), भोजपुर बजार (भोजपुर), आबुखैरेनी (तनहु), लिवाङ्ग (रोल्पा) प्राथमिकताको आधारमा छनोटमा परेका छन् । जसको फलस्वरुप यी नगर आयोजनाक्षेत्रका ३ लाख ९० हजार जनसंख्याले उच्चस्तरीय/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधा प्राप्त गर्नेछन् । त्यसैगरी यस आयोजनाबाट ७८ हजार घरधुरीमा अतिरिक्त नीजि धारा जडान र ६९६८० क्यु.मि. क्षमता भएको २६ ओटा प्रशोधन केन्द्र बन्नेछन् । यसैगरी प्रतिफलमा आधारित अनुदानबाट विपन्न घरपरिवारका करिव २० हजार ३ सय ओटा चर्पी र धारा निर्माण हुनेछन् । साथै २६ ओटा सेफ्टीटैंक समेतको सार्वजनिक शौचालय निर्माण हुने प्रावधान रहेको छ । यसको अतिरिक्त १४ ओटा आयोजनाहरुमा सेफ्टीटैंकबाट निस्केको फोहर व्यवस्थापन सुविधाको निर्माण र २ ओटा २५ सय क्यु.मि. प्रति दिन क्षमता भएको विकेन्द्रित खेर गएको पानी प्रशोधन सुविधा (DEWATS) को निर्माण गर्ने प्रावधान

**आयोजनाको कुल रकम निम्न अनुसार रहेको छ ।**

| श्रोत | लागत (मिलियन) | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. नेपाल सरकार | २३ .३० | २१.४० | |
| २. एशियाली विकास बैंक | ६०.०० | ५४.९० | ऋण सहायता |
| ३. ओपेक फण्ड | २०.०० | १८.३० | ऋण सहायता |
| ४. सरसफाइ ट्रष्ट फण्ड | १.३० | १.२० | अनुदान |
| ५. स्थानीय निकाय तथा उपभोक्ताहरुबाट | ४.५० | ४.२० | |
| जम्मा | १०९.१० | १०० | |



**तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना का लागी नेपाल स्थित एडिबीका आवासीय निर्देशक केनिची योकोयामा र अर्थ मन्त्रालयका सचिव सुमन प्रसाद शर्मा बीच ऋण तथा अनुदान सम्बन्धी सम्झौता**

## ८. खानेपानी तथा सरससफाइ उपभोक्ता संस्था/समितीका अध्यक्षहरू लाइ अभिमुखीकरण कार्यक्रम संचालनः

तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाका प्रथम तथा दोस्रो समुह अन्तर्गत छनोट भएका २६ वटा आयोजनासँग सम्बन्धित खा.पा.उ.स.स.का अध्यक्षहरुलाइ आयोजना सम्बन्धी अभिमुखीकरण

कार्यक्रम २०७१/८/२६ देखि २९ सम्म पानीपोखरी, काठमाडौंमा संचालन भएको थियो । आयोजनाको परिचय, उद्धेश्य, कार्यक्षेत्र, कार्यप्रक्रिया तथा सरोकारवालाहरुको भुमिका, दायित्व आदि बारे जानकारी दिनु रहेको थियो । साथै तालिम कार्यक्रममा आयोजनाको सफल कार्यान्वयन तथा आयोजनालाई दिगो बनाउने बारेमा समेत छलफल भएको थियो । उक्त कार्यक्रममा ४३ जना सहभागी मध्ये २२ पुरुष तथा २१ महिला रहेका थिए ।

## ९. स्थानीय गैरसरकारी संस्था परिचालन :

दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत लमही, बैतडी बाहेक २० वटा नगर आयोजनाहरुमा आयोजनाको संस्थागत विकास तथा दिगोपन, उपभोक्ता तथा समुदायको क्षमता विकासका लागि स्थानीय गैरसरकारी संस्थाको छनौट गरि परिचालन गरिएको छ । साथै स्थानीय गैरसरकारी संस्थाले सामाजिक परिचालन लगायत अन्य कार्यमा समेत सहजकर्ताको भुमिका प्रभावकारी रुपमा गर्दै आइरहेका छन् । यसैगरी गैर सरकारी संस्थाले स्वास्थ्य तथा सरसफाई सम्बन्धि जनचेतना कार्यक्रम अर्न्तगत तोकिएका तालिमहरु जस्तैः खानेपानी उपभोक्ता सरसफाइ संस्थाका पदाधिकारी तालिम, उत्प्रेरक तालिम, स्वास्थ्य कार्यकर्ता तालिम, विद्यालय शिक्षक तालिम, लैंगिक समानता तथा सामावेशी कार्ययोजना सम्बन्धि तालिम, फोहोर मैला तथा खेर गएको पानी व्यवथापन सम्बन्धी तालिम प्रदान गर्दै आइरहेका छन् । सम्पूर्ण तालिमको सहभागि संख्या २६१३ रहेको छ । जसमध्ये १२१८ (४७%) पुरुष तथा १३९४ (५३%) महिला रहेका छन् ।

## १०. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थामा महिलाको सक्रिय सहभागिताः

दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत कार्यान्वयन भएका २१ नगर आयोजनाहरुमा खानेपानी तथा सरसफाइ संस्था/समितिमा महिलाहरुको प्रतिनिधित्व प्रभावकारी रुपमा भएको पाइएको छ , जसमा करिब ६६ प्रतिशत पुरुष र ३४ प्रतिशत महिलाको प्रतिनिधित्व भएको छ । सबै भन्दा बढी वाग्लुङ्ग तथा आदर्शनगर नगर आयोजनाहरुमा भने क्रमशः ४ (४४.४%) र ५ (५५.६%) जना महिलाहरुको प्रतिनिधित्व रहेको छ, जुन उत्साहवर्दक देखिन्छ । अधिकांश नगर आयोजनाहरुमा खानेपानी तथा सरसफाइ समितिको कुनै एक कार्यकारी पदहरु (उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) मा महिला कार्यरत रहेको पाइएको छ । यसैगरी आयोजना व्यवस्थापन कार्यालयबाट आयोजना कार्यान्वयन सहयोग इकाई कार्यालयमा २१ जना सामाजिक परिचालिकाहरु परिचालित भइ कार्यरत रहेका छन् ।



मुकुन्दपुर नगर आयोजना सामाजिक परिचालिकाबाट सरसफाइबारे जनचेतना जगाउदै

## ११. वित्तीय व्यवस्थापन सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

पश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चल क्षेत्रका खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका लेखा प्रमुखहरु तथा खानेपानी तथा सरसफाइ उपभोक्ता समूहका लेखा प्रबन्धकहरुको लागि वित्तीय व्यवस्थापन सम्बन्धी २ दिने कार्यशाला गोष्ठीको मिति २०७१/११/२५ र २६ गते नेपालगञ्जमा सम्पन्न भयो । २१ जना लेखा कर्मचारीहरु सहभागी भएका उक्त कार्यशाला वित्तीय व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली र सोको प्रभावकारिता अभिबृद्धि सम्बन्धमा सैद्धान्तिक र व्यवहारिक ज्ञानको अभिमुखीकरण गर्ने काम सम्पन्न भयो ।

## १२. दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न

दिसाजन्य फोहोर लेदोको उचित व्यवस्थापन विना सरसफाइ तथा स्वच्छताका क्षेत्रमा दिगो तथा सफल रुपले उपलब्धी हासिल गर्न सकिदैन । तसर्थ जबसम्म फोहोर लेदो व्यवस्थापन सम्बन्धी योजना, नीति, रणनीति तथा कार्य निर्देशिका र सहि ज्ञान तथा सिपको विकास हुदैन तबसम्म पूर्ण सरसफाइको हाम्रो अभियान पुरा हुदैन । यसै तथ्यलाइ मध्यनजर गर्दै खानेपानी तथा ढल निकास विभाग अन्तर्गत साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाले दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धी २ दिने राष्ट्रिय कार्यशाला गोष्ठी यहि २०७१ साल चैत २ र ३ गते होटेल पार्क भिलेज, बुढानिलकण्ठमा आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठीको उद्घाटन शहरी विकास मन्त्रालयका माननीय मन्त्री डा.नारायण खडकाज्युबाट भएको थियो, भने शहरी विकास मन्त्रालयका सचिव श्री अर्जुन कुमार कार्कीको अध्यक्षतामा कार्यक्रम संचालन भएको थियो । यस कार्यक्रममा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी विभिन्न सरोकारवाला संघ सस्थाहरुबाट करिब २२५ जना जतिको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा दिसाजन्य फोहर लेदो स्थानीय तहमा व्यवस्थापन गर्न सामाजिकरुपमा स्वीकार्य हुने, आर्थिक हिसाबले थेग्न सकिने र वातावरणिय हिसाबले पनि सुरक्षित विधि तथा प्रक्रियाहरुको बारेमा वृहत छलफल भएको थियो । कार्यक्रममा, भारत, बंगलादेश तथा भियतनाममा गरिएका प्रविधिहरुको बारेमा अनुभव आदान प्रदान पनि गरिएको थियो ।




दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठीको उद्घाटन गर्दै माननिय मन्त्री डा. नारायण खड्काज्यू

## तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना : आयोजनाको कार्यान्वयन सम्बन्धमा नगर आयोजना सहमतीपत्र तथा बित्तिय सम्भौता सम्पन्न :

प्रथम समूहमा छनौट भएका १२ वटा नगर आयोजनाहरु मध्ये ८ वटा चन्द्रौटा (कपिलवस्तु), खलंगा शीतलपाटी (सल्यान), मुसीकोट (रुकुम), सखुवा-महेन्द्रनगर (धनुषा), चारआली (झपा), महेन्द्रनगर/चक्रघट्टी (सुनसरी) र मिर्चैया (सिराहा) तथा डुम्रे बजार (तनहुँ) आयोजनाहरुको आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालय, खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था, जि.वि.स. नगर पालिका/गा.वि.स. (स्थानीय निकाय) आयोजनाको कार्यान्वयन सम्बन्धमा नगर आयोजना सहमतीपत्र तथा बित्तिय सम्भौता सम्पन्न गरिसकिएको छ। सम्झौता सम्पन्न भएको विवरण निम्न अनुसार रहेको छ।

| क्र. सं. | नगर आयोजना | जिल्ला | कार्यान्वयन सहमति पत्र | वित्तिय सम्झौता |
|---|---|---|---|---|
| १ | चन्द्रौटा | कपिलवस्तु | २०७१/७/२६ | २०७१/७/२६ |
| २ | खलंगा /शीतलपाटी | सल्यान | २०७१/७/२५ | २०७१/७/२५ |
| ३ | मुसीकोट | रुकुम | २०७१/७/२४ | २०७१/७/२४ |
| ४ | सखुवा, महेन्द्रनगर | धनुषा | २०७१/९/१३ | २०७१/९/१३ |
| ५ | चारआली | झापा | २०७१/९/११ | २०७१/९/११ |
| ६ | महेन्द्रनगर/ चक्रघट्टी | सुनसरी | २०७१/९/१४ | २०७१/१०/१२ |
| ७ | मिर्चैया | सिराहा | २०७१/९/१३ | सम्पन्न हुने क्रममा |
| ८ | छापनाहाला (डुम्रे बजार) | तनहुँ | २०७१/११/२० | २०७१/११/२० |



सल्यान नगर आयोजनामा वित्तीय सम्झौता

## शौचालय नबनाउँदा सुत्केरी भत्ताबाट वञ्चित : सल्यान

घरमा शौचालय नहुदा सुत्केरी भत्ताको सिफारिस लिन वडा कार्यालय भट्टाचौर पुगकी शारदा नगरपालिका-७ कजेरी ओखरेनीको उमा कुमाई सिफारिसबाट वञ्चित भएकी छिन। कजेरी स्वास्थ्यचौकीमा सुत्केरी भएकी उनको नागरिकता नभएकाले नगरपालिकाको वडा कार्यालयबाट सिफारिस लिन पुगेकी थिइन्। जिल्लालाई २०१६ सम्म खुला दिसामुक्त बनाउने अभियानअन्तर्गत सबैले घरघरमा शौचालय बनाउनुपर्ने र नबनाए सम्पूर्ण सुविधाबाट बंञ्चित गरिने निर्णय गरेकाले उनले वडा कार्यालयबाट सुत्केरी भत्ताको सिफारिस पाउन नसकेकी हुन्। नागरिकताको प्रतिलिपि बुझाए मात्र स्वास्थ्य संस्थाले भत्तास्वरुप १ हजार लगायत चार महिना सम्म जाँच गरेबापत ४ सय गरी १ हजार ४ सय दिने व्यवस्था मिलाएको हुँदा बाध्य भएर वडा कार्यालय पुगेकी थिइन। उनले विवाह भएको केही वर्ष बितिसक्दा पनि घरमा श्रीमान् कहिलेकाही मात्र बस्ने गरेकाले अहिलेसम्म नागरिकता बनाउन नसकेको बताइन्।

नगरपालिका नबन्दै गाविसले पहिले घरघरमा शौचालय बनाउन सल्लाह दिएको थियो तर के गर्नु आर्थिक अवस्था कमजोर भएपछि उनले दुखेसो पोखिन् - 'अहिले श्रीमान् कमाउन गएकाले घरमा बूढा ससुरा र आफू मात्र भएकाले शौचालय बनाउन सकेको छैन। शौचालयमा दिसापिसाब गर्न छाडी मलाई खुला शौच गर्ने मन त कहा हो र, ससुराले वास्ता गर्दैनन्। म एक्लैले के गर्नु।

कमाउन गएका श्रीमान्ले पठाएको पैसा बिहानबेलुकी खानमै ठिक्क हुन्छ केले बनाउने - शौचालय बनाउन नसक्दा अहिले सुत्केरी भत्ताको सिफारिस मात्र नभई नागरिकता, मालपोत, वृद्ध भत्ता, खेतबारी बेचविखनलगायतका सुविधाबाट वञ्चित हुनुपरेको उनले बताइन्।

### ६. प्रकाशनहरू:

१. तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका
२. प्रतिफलमा आधारित अनुदान (OBA) सम्बन्धी निर्देशिका
३. तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको leaflet
४. शहरी खानेपानी तथा सरसफाइ नीति (पुन: प्रकाशन)


**दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना आयोजना व्यवस्थापन कार्यालयद्वारा प्रकाशित यस अर्ध वार्षिक समाचार पत्र :**

**संरक्षण:**
तिरेश प्रसाद खत्री
का.मु. आयोजना निर्देशक

**सल्लाहकार:**
दिवाकर ढकाल
आयोजना उप निर्देशक

**सम्पादन:**
अजिता रेग्मी
समाजशास्त्री

**सहयोगी:**
पुष्पाञ्जली राणा
समाजशास्त्री
तप्त बहादुर रावल
समाजशास्त्री
गंगा देवी चौंलागाइ
कम्प्युटर अपरेटर



सम्पर्क :
**दोस्रो/तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना**
**आयोजना व्यवस्थापन कार्यालय**
पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ९७७–१–४४२३८४८, ४००६६८५ ,४४२२२३१, फ्याक्स : ९७७–१–४४१३२८० ,४४२३१८६
इमेल : info@ sstwsssp.gov. np, वेबसाइट : www.sstwsssp.gov.np